नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०८।२७**

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान कार्यालय ईटहरीबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत विराटनगर, इलाममा मिति २०७८।०८।२७ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**
भद्रपुर भन्सार कार्यालय, झापाका भन्सार अधिकृत जिल्ला झापा भद्रपुर नगरपालिका वडा नं. ७ वस्ने वर्ष ४० का प्रमोद पौडेल समेत ४ जना ।

२. **कसुरको संक्षिप्त विवरणः**
भन्सार चोरी पैठारी गरी राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको विगो र सजायको मागदावीः**
मालवस्तु जाचँपासमा संलग्न रहेका भन्सार कार्यालयका कर्मचारीहरु ना.सु. नानुका पोखरेल(आचार्य), लक्ष्मी विश्वकर्मा र किशोर आचार्य तथा मालवस्तुको मुल्याङ्कन गर्ने भन्सार अधिकृत प्रमोद पौडेलले लापारवाही पूर्वक कार्य गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन २०७६)को दफा ४(क) (ख) (छ) र (ङ) वमोजिम कसुर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन २०७६) को दफा २(छ१)को खण्ड(ख) (ग) र (ङ) वमोजिम हुने बिगो रु १,६०,७५,३७८।६६ राजस्व चुहावट गरेकोले प्रतिवादीहरु नानुका पोखरेल (आचार्य), लक्ष्मी विश्वकर्मा , किशोर आचार्य र प्रमोद पौडेललाई ऐ.ऐनको दफा २३(१) वमोजिम विगो असुल उपर हुन, जनही जरिवाना र कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो |
|---|---|---|---|
| १ | भन्सार अधिकृत प्रमोद पौडेल<br>ना.सु. नानुका पोखरेल (आचार्य)<br>ना.सु. लक्ष्मी विश्वकर्मा<br>ना.सु. किशोर आचार्य | १,६०,७५,३७८।६६ | १,६०,७५,३७८।६६ |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग


नतिजामुखी प्रशासनः समृद्धि र सुशासन
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स ५५४२०२३, टोल फ्री नम्बर १६६०-०१-५५०००,
ईमेल- info@dri.gov.np, वेभसाईट- www.dri.gov.np